टेकनिकल इन्टर्न र तीनीहरूका रोजगारदाता (कार्यान्वयन गर्ने संस्था) हरू समक्ष

# के तपाईंले जापानी सार्वजनिक पेन्सन प्रणालीमा नाम दर्ता गर्नु भएको छ?

## — टेकनिकल इन्टर्नहरूको लागि जापानी सार्वजनिक पेन्सन प्रणालीको बारेमा जानकारी —

सार्वजनिक पेन्सन प्रणाली एक यस्तो प्रणाली हो जसले मानिसहरूलाई मासिक योगदान तिरेमा वृद्धावस्थामा मात्र नभई अपाङ्गता र मृत्यु जस्ता अप्रत्याशित जोखिमहरूको अवस्थामा पनि लाभहरू प्रदान गर्दछ। 20 देखि 59 वर्ष* उमेरका जापानका सबै बासिन्दाहरू, राष्ट्रियताको पर्वाह नगरी सबैजना जापानी सार्वजनिक पेन्सन प्रणालीमा दर्ता हुन आवश्यक छ।

टेकनिकल इन्टर्नहरू पनि जापानी सार्वजनिक पेन्सन प्रणाली (कर्मचारी पेन्सन बीमा वा राष्ट्रिय पेन्सन) मा दर्ता हुन आवश्यक छ।

*कर्मचारी पेन्सन बीमाको लागि, 70 वर्ष भन्दा कम उमेरका सबै व्यक्तिहरूले दर्ता गर्नुपर्ने दायित्व रहन्छ।

## टेकनिकल इन्टर्नहरूले दर्ता गर्नै पर्ने जापानी सार्वजनिक पेन्सनका प्रकारहरू

टेकनिकल इन्टर्न अवधिभरमा, दर्ता गर्न आवश्यक पर्ने पेन्सन प्रणाली, तल लेखिएको जसरी ट्रेनिङ प्रोग्राम अनुसार फरक पर्दछ:

(1) लेक्चर प्रोग्राम अवधिको लागि, तपाईंले राष्ट्रिय पेन्सनमा दर्ता गर्न आवश्यक छ।

नोट: तपाईंको ट्रेनिङ प्रोग्राम सुरु हुनु अगाडिको अवधि भएपनि, जापानमा आफ्नो ठेगाना दर्ता गर्दा राष्ट्रिय पेन्सनमा दर्ता गर्न आवश्यक छ।

(2) लेक्चर प्रोग्राम अवधि पश्चात् दिइने प्राक्टिकल अन-द-जब ट्रेनिङ (OJT) अवधिको लागि, तपाईंले कर्मचारी पेन्सन बीमा अथवा राष्ट्रिय पेन्सन बीमामा दर्ता गर्न आवश्यक छ।

नोट: यदि तपाईंले टेकनिकल इन्टर्नको रूपमा काम गर्ने कार्यस्थलमा कर्मचारी पेन्सन बीमाले कभर गर्छ भने, कर्मचारी पेन्सन बीमामा दर्ता गर्न आवश्यक छ। यदि यो होइन भने, राष्ट्रिय पेन्सन बीमालाई निरन्तरता दिनुपर्ने हुन्छ।




### (1) राष्ट्रिय पेन्सनमा दर्ता

दर्ता प्रक्रिया:

टेकनिकल इन्टर्नहरूले आफैंले आफ्नो स्थानीय म्युनिसिपल अफिस (राष्ट्रिय पेन्सन काउन्टर) वा नजिकको, JPS शाखा कार्यालयमा दर्ता प्रक्रिया गर्नु आवश्यक छ।

योगदान रकम भुक्तानी:

टेकनिकल इन्टर्नहरूले दर्ता गरे पछि JPS शाखा कार्यालयले पठाएको भुक्तानी सूचना अनुसार सम्पूर्ण मासिक योगदान रकम आफैंले तिर्नु पर्छ। यसलाई बैंक ट्रास्फर वा अरू बिकल्पहरू मार्फत पनि भुक्तानी गर्न सक्नुहुन्छ।

योगदान रकम मिनाहा:

यदि तपाईंको कम आम्दानी जस्ता कारणहरूले योगदान रकम तिर्न गार्हो भएरहेको छ भने, आफ्नो स्थानीय म्युनिसिपल अफिस (राष्ट्रिय पेन्सन काउन्टर) वा नजिकको, JPS शाखा कार्यालयमा मिनाहा प्रणालीको लागि आवेदन दिन सक्नुहुन्छ।

### (2) कर्मचारी पेन्सन बीमा वा राष्ट्रिय पेन्सनमा दर्ता

**कर्मचारी पेन्सन बीमाको लागि**

दर्ता प्रक्रिया:

टेकनिकल इन्टर्नको रोजगारदाताले JPS शाखा कार्यालयमा दर्ता प्रक्रिया गर्न आवश्यक छ।

योगदान रकम भुक्तानी:

टेकनिकल इन्टर्न र रोजगारदाताले आधा आधा योगदान रकम वहन गर्नुपर्छ। रोजगारदाताले टेकनिकल इन्टर्नहरूको योगदान रकमलाई तलबबाट कटौती गर्छ र रोजगारदाताको भागसँगै भुक्तानी गर्छ।

**राष्ट्रिय पेन्सनको लागि**

दर्ता प्रक्रियाको बारेमा (1) मा वर्णन गरिएझैं उस्तै हो। यदि तपाईं लेक्चर प्रोग्राम अवधिदेखि नै राष्ट्रिय पेन्सनमा दर्ता भैसक्नु भएको छ भने, पुन: दर्ता प्रक्रिया गर्न आवश्यक छैन।

पेन्सन प्रणालीको बारेमा थप जानकारीको लागि, कृपया जापान पेन्सन सेवा वेबसाइटमा चेक गर्नुहोस्।
(https://www.nenkin.go.jp/international/index.html)

日本年金機構
Japan Pension Service

2302 1016 032